# ‘कथा–घुमाउने चौतारीमा काभ्राको…’ कवितामा प्रजातिगत पहिचान

**गुरुङ सुशान्त**

<grgsushanta3@gmail.com>

## लेखसार

*प्रस्तुत लेख स्वप्निल स्मृतिको 'कथा-घुमाउने चौतारीमा काभ्राको…' कवितामा समेटिएको प्रजातिगत स्वरूपहरूको पहिचान र विश्लेषणमा केन्द्रित रहेको छ । यस कवितामा लिम्बू समुदायको परिवेश, इतिहास र प्रजातिगत अभिलक्षणलाई बलियोसँग प्रतिनिधित्व भएको छ भन्ने देखाउँदै कवितामा चित्रित भूगोल, पर्यावरण, भाषिक परिवेश र ऐतिहासिकताको माध्यमबाट प्रजातिगत पहिचानको विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । यसको सैद्धान्तिक ढाँचा रचना गर्दा हिपोलाइट एडल्फ तेनको प्रजातिसम्बन्धी मान्यतामा आधार बनाइएको छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरी गुणात्मक शोधपद्धतिमा चयन गरिएका पाठको सघन विश्लेषण गरिएको छ । प्रजातिगत पहिचानलाई मुख्य अवधारणा बनाई यस अध्ययनमा कथ्य सन्दर्भ र इतिहास सन्दर्भ खुलाउँदै पात्रका सन्दर्भमा प्रजातिगत पहिचान र सामाजिक तथा सांस्कृतिक सन्दर्भ प्रजातिगत पहिचानको युक्तिलाई अवलम्बन गरिएको छ । यस कवितामा समाविष्ट विशेष प्रसङ्ग, प्रतीक, विम्ब र लयले लिम्बू जनजातिको प्रजातिगत विविध पक्षलाई बलियोसँग पहिचान गराइएको पुष्टि हुन्छ भन्ने स्पष्ट पारिएको छ । पहिचानका सन्दर्भमा भाषा, इतिहास, मिथक आदि महत्त्वपूर्ण हुने भएकाले यी पक्षको अध्ययन गरिएको छ भने अध्ययनबाट कवितामा किरात लिम्बू पहिचान प्रस्ट रूपमा अभिव्यक्त भएको निचोड निकालिएको छ । कथा-घुमाउने चौतारीमा काभ्राको… कवितामा उपलब्ध साक्ष्यहरूले लिम्बूवान-किरात भूमिमाथि बाह्य अतिक्रमण भएको पुष्टि हुने कुरालाई जोड दिइएको छ । राजनीतिक चेतनालाई विम्ब, प्रतीक, मिथकको माध्यमबाट सशक्त रूपमा अभिव्यक्त गरिएको यस कविताले सामाजिक रूपान्तरण र सौन्दर्य चेतनामा पनि सार्थक हस्तक्षेप गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** किरात, प्रजाति, इतिहास, पर्यावरण, पहिचान ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय स्वप्निल स्मृति (२०३८) द्वारा लिखित 'कथा-घुमाउने चौतारीमा काभ्राको…' कवितामा अभिव्यञ्जित प्रजातिगत पहिचानको विश्लेषण र मूल्याङ्कन रहेको छ । साहित्यको समाजशास्त्रअन्तर्गत प्रजातिको अवधारणालाई अघि सार्ने चिन्तक हिपोलाइट एडोल्फ तेन हुन् । प्रजातिले वंशज र शरीर रचनाकाललाई युगचेत र पर्यावरणलाई बुझाउँछ । खासगरी प्रजातिले मानिसको वंशगत आधारमा फरक देखिने शारीरिक बनोट, भाषा, रीतिरिवाज, सांस्कृतिक पहिचान, विचार, बसोवासको स्थानीयपन, संस्कारगत पक्षहरूलाई अध्ययन गर्दछ । साहित्यिक रचनामा

प्रयुक्त स्थानीय रङ, कथन, संवादका माध्यमबाट प्रजातिगत सङ्केत प्रकट हुन्छ । प्राकृतिक र सामाजिक-सांस्कृतिक परिवेशका सन्दर्भहरूबाट रचनाको प्रजातिगत अभिलक्षण पहिल्याउन सकिन्छ । स्वप्निल स्मृतिको 'कथा-घुमाउने चौतारीमा काभ्राको...' कवितामा पनि विशेषतः किरात लिम्बू समुदायको इतिहास, मिथक, मनोविज्ञान, संस्कृतिको प्रजातिगत पहिचान सशक्त ढङ्गले अभिव्यक्त भएको छ । स्वप्निल स्मृति (२०३८) द्वारा लिखित 'कथा-घुमाउने चौतारीमा काभ्राको...' कवितामा किरात लिम्बूको जातीय पहिचानको मर्म अभिव्यक्त भएको छ । कवि स्वप्निल आफ्ना कवितामा वैचारिकता र कलालाई सुसंयोजन गर्दै स्वजातीय पहिचान र प्रतिनिधित्वका पक्षलाई उठान गर्न रूचाउँछन् । उनका कविता सङ्ग्रहका बारेमा पत्रपत्रिकामा केही पुस्तक-समीक्षा प्रकाशित छन्, तर, ती अध्ययनहरूमा प्रस्तुत कविताको प्रजातिगत पहिचानको दृष्टिले विशिष्ट विश्लेषण नभएकाले यो पाटो रिक्त नै देखिन्छ । यस अध्ययनमा प्रजातिसम्बन्धी हिपोलाइट एडोल्फ तेनको मान्यतालाई आधार बनाउँदै विवेच्य कवितामा अभिव्यक्त प्रजातिगत पहिचानको अध्ययन गरिएको छ । साथै, कवितामा अभिव्यक्त सामाजिक-सांस्कृतिक संरचनाका समुदायगत अन्तर्सम्बन्ध, सङ्घर्ष एवम् तत्सन्दर्भका चेतनालाई पनि सामान्यतः हेरिएको छ । यिनै कोणमा केन्द्रित रहेर यस अध्ययनलाई सीमाङ्कन गरिएको छ । यस लेखमा कथ्य सन्दर्भ, इतिहास सन्दर्भ, प्रजातिगत पहिचान र सामाजिक तथा सांस्कृतिक सन्दर्भ गरी चार युक्तिलाई अवलम्बन गरी 'कथा-घुमाउने चौतारीमा काभ्राको...' कवितालाई विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्य राखिएको छ । साथै, यस अध्ययनमा कवि स्वप्निल स्मृतिले आफ्नो सशक्त कवितामार्फत साङ्केतिक रूपमा जातीय दमन र विभेदको ऐतिहासिकतालाई अघि सार्दै आफ्नो प्रजातिगत विशेषता, पीडा, अस्तित्व र इतिहासलाई प्रकाश पारेको निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय कार्यबाट स्वप्निल स्मृतिद्वारा रचित कथा-घुमाउने चौतारीमा काभ्राको... कवितामा प्रयुक्त प्रजातिगत पहिचानसित सम्बन्धित कथ्य, पात्र, इतिहास र सामाजिक तथा सांस्कृतिक सन्दर्भ र तथ्यलाई आधारभूत सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रयोगिक समालोचनात्मक पुस्तकबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै खाले सामग्रीको प्रयोग गरी कथा-घुमाउने चौतारीमा काभ्राको... कवितामा अभिव्यक्त प्रजातिगत पहिचानको उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र आगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको निष्कर्षलाई अर्थापन गरिएको छ । 'कथा-घुमाउने चौतारीमा काभ्राको...' कविता मानवीय संवेदना, सामाजिक मुद्दा र जनजातीय संवेदनासँग जोडिएको छ । अतः यस अध्ययनको विषयवस्तु विश्लेषणका लागि गुणात्मक पद्धति अपनाइएको छ ।

## सैद्धान्तिक ढाँचा

साहित्यको समाजशास्त्र कृतिभित्र समाजको अन्तर्य खोतल्ने अनुसन्धानात्मक अध्ययन पद्धति हो । यस पद्धतिमा कुनै पनि कृतिको कला पक्षभन्दा कृतिमा रहेको सामाजिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षलाई केन्द्रमा राखेर अध्ययन मूल्याङ्कन गरिन्छ । हिप्पोलाइट एडल्फ

तेनले आफ्नो ग्रन्थ अंग्रेजी साहित्यको इतिहासमा साहित्यसम्बन्धी मूल्याङ्कन सिद्धान्त स्थापना गरेका छन् । उनले साहित्य र कलामा भौतिक विज्ञान तथा प्राकृतिक विज्ञानमा गरिने शोधपद्धतिलाई अपनाएका छन् (घर्ती, २०११, पृ. २३३) । तेनले प्रजातिको धारणालाई धेरै महत्त्व दिएका छन् । उनी प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक वनावट र शारीरिक संरचना आदिको चर्चा गर्छन् (पाण्डेय, सन् २००६, पृ. १२४) । यो सिद्धान्त प्रजाति, क्षण र पर्यावरणमा आधारित छ । उनले प्रजातिलाई वंशज र शरीर रचनाकाललाई युगचेत अनि पर्यावरणलाई हावापानी र सामाजिक परिवेशको रूपमा लिएका छन् र तीनै तत्वलाई परस्पर सम्बन्धित देखेका छन् (सिंह, सन् २००७, पृ. २) । समाजका प्रजातिहरूमा रहेको धर्म, संस्कार, मान्यता आदि पक्ष कृतिमा आएका हुन सक्छन् । ती पक्षहरूलाई वस्तुवादी ढङ्गले चित्रण गर्न सक्नु सफल साहित्यकारको गुण पनि हो । शब्दकोशबाट उद्धृत क्लिष्ट शब्दहरूको रखाइ मात्र साहित्य होइन, सामाजिक जीवनका अन्तरसम्बन्धलाई कलात्मक रूपमा प्रस्तुत गरिएको शब्दचित्रले मात्र साहित्यको क्यानभासमा शोभा दिन्छ । कृतिमा आउने पात्र तथा घटनामा कार्य-कारणको तालमेल भएन भने पनि लेखकको लहडबाजीले मात्र स्थान पाउँछ । साहित्य समाजको दस्ताबेजहरूको सूचना भण्डार पनि हो भन्ने कुरा प्राचीन साहित्यिक ग्रन्थहरूले देखाएकै हुन् । तेनको मान्यताअनुसार प्रजाति, क्षण र पर्यावरणको गम्भीर अध्ययनबाट मात्र समाजको पूर्ण तस्बिर खिच्न सकिन्छ ।

हरेक लेखक, पात्र र पाठकको आफ्नै प्रजाति हुन्छ । प्रस्ट रूपमा आए पनि नआए पनि कृतिभित्रको पात्रको पनि आफ्नो प्रजातिगत इतिहास र पुर्खा हुन्छ । प्रश्न उठ्न सक्छ, जातिको पहिचान कसरी गर्ने ? पहिचानका केही आधारहरू कृतिभित्र रहेका हुन्छन् । पात्रले अवलम्बन गरेको जीवनशैली, अपनाएको पेसा, धर्म संस्कृति, भाषा, शारीरिक संरचना आदि उसका प्रजातिगत विशेषता खुट्याउने आधार हुन्छ ।

आदिम पुस्ता एउटै भए पनि भौगोलिक दूरताका कारण मान्छेका चारित्रिक स्वरूपमा विविधता रहेको हुन्छ । अलग-अलग हाँगामा बाँडिए पनि एउटै प्रजातिका वंशजहरूमा केही समानताहरू हुन्छन् । डार्विनको सक्षम मात्र बाँच्ने सिद्धान्तले प्रकृतिमा अनुकूलन हुँदा स्वभाव परिवर्तन हुने कुरालाई पुष्टि गर्छ । अतः एउटै प्रजातिमा पनि समानता र असमानता देखिँदै जान्छन् । भौगोलिक कारणले ल्याएको परिवर्तित स्वभाव र विचारभन्दा युग विशेषले विकसित गरेको स्वभावहरू जटिल हुन्छन् । समाजको राजनैतिक-ऐतिहासिक संरचनाले पनि कुनै प्रजाति वा पात्रको व्यक्तित्वमा ठुलो प्रभाव पारेको हुन्छ । तेनका अनुसार सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । उनका मतमा एउटा प्रजातिको इतिहासको महान् घटनाको विशिष्टता साहित्यको सौन्दर्यानुभूतिमा प्रकट हुन्छ । प्रजातिगत चरित्रअनुसार नै सौन्दर्यको आदर्श विकसित हुन्छ (क्षेत्री, २०६४, पृ. २२) । यसरी तेनले प्रजातिलाई समाजशास्त्रीय अध्ययनका निम्ति प्रमुख केन्द्र मानेका छन् ।

## परिणाम र विमर्श

'कथा-घुमाउने चौतारीमा काभ्राको...' स्वप्निल स्मृतिद्वारा लिखित यो कविता कवि स्मृतिको कवितासङ्ग्रह बाडुली र सुदूर सम्झना (२०६८) मा सङ्गृहीत छ । पाँचथरमा जन्मिएका कवि

स्मृतिका पूर्वार्धका कविताहरू विद्रोही र प्रयोगवादी धारका थिए भने उनका पछिल्ला कविताले कलात्मक उचाइ प्राप्त गर्दै गएको देखिन्छ । जातीय-सांस्कृतिक विम्ब, नोस्टाल्जिया, सामाजिक न्याय र परिवर्तन, विद्रोह र भाषिक कलाजस्ता पक्षहरूले उनका कवितालाई शक्तिशाली बनाएका छन् । यस कविताभित्र पूर्वी पहाडमा बस्ने किरात लिम्बू जातिको ऐतिहासिकता र सांस्कृतिकता समेटिएको छ । तेनले साहित्यिक कृतिभित्र लुकेको जुन मनुष्यको पहिचानको कुरा गरेका छन्, त्यो लेखक नै हो । तेनले इतिहास र आलोचनाको जुन पद्धतिको प्रवर्तन गरेका छन्, त्यसमा लेखकको चिन्तन, उसको आस्था, जीवनी र सामाजिक सन्दर्भमा अधिक ध्यान दिने गरिन्छ (पाण्डेय, सन् २००६, पृ. १२७) । 'कथा-घुमाउने चौतारीमा काभ्राको...' मा पनि लेखक स्वयं लिम्बू समुदाय भएका कारणले लेखककै प्रजातिगत सन्दर्भमा कवितालाई जोडेर व्याख्या गर्दा वास्तविक अर्थको नजिक पुग्न सकिन्छ । हजुरआमा र नातिबीचको संवादात्मक शैलीमा संरचित यस कविताले किरात राज्यमा आक्रमण भएपछिको सामाजिक अवस्थालाई चित्रण गरेको छ । यसर्थ यो कविता कवितात्मक मूल्यका दृष्टिले मात्र नभई समाजशास्त्रीय अध्ययनका कोणबाट पनि उत्तिकै महत्त्वपूर्ण छ । कुनै पनि कृतिमा समाजको गतिशीलतालाई पनि प्राथमिकता दिनु राम्रो हुन्छ, जति कला पक्षलाई ध्यान दिइन्छ । कृतिभित्र अटाएको समाज र वास्तविक समाजबीचको सम्बन्ध एकअर्कामा जोडिएन भने साहित्य फगत स्वैरकाल्पनिक लहड मात्र हुन्छ । 'साहित्य लहडबाजी मात्र होइन, समाजको ऐना हो' भन्ने मान्यताका जगमा समाजशास्त्रीय अध्ययनका पद्धति विकसित भएका छन् । विविध समाजशास्त्रीय अध्ययन पद्धतिहरूको आरम्भकर्ताहरूमध्ये एक हुन्, हिप्पोलाइट एडल्फ तेन । साहित्यिक समाजशास्त्री हिपोलाइट एडल्फ तेन (सन् १८२८-१८९३) को प्रजाति, क्षण र पर्यावरणको पद्धतिलाई समाजशास्त्रमा महत्त्वपूर्ण रूपमा हेरिएको पाइन्छ । तेनले साहित्यलाई समाजमा रहेका प्रजातिहरूको जीवनयात्रा, कुनै युगको सत्याभिव्यक्ति र समाज भूगोलको पर्यावरणको नतिजा ठान्दछन् । नेपाली कविताको उत्तरवर्ती कालखण्डमा विभिन्न जाति/प्रजातिगत पहिचानको सन्दर्भ प्रखर रूपमा उठिरहेको देखिन्छ । खासगरी आदिवासी जनजाति कविहरूले आफ्नो जातिगत पहिचानका विषयहरू आफ्नो सामाजिक तथा सांस्कृतिक सन्दर्भका साथै पात्र, इतिहास र कथ्यहरूबाट उजागर गर्दै आएका छन् । प्रस्तुत लेखमा साहित्यलाई समाजको दर्पण रूपमा हेर्ने तेनको प्रजातिलाई ऐतिहासिक सन्दर्भमा टेकेर ' कथा घुमाउने चौतारीमा काभ्राको...' कविताको विश्लेषण गरिएको छ । यस अध्ययनमा कवितामा समाविष्ट विशेष प्रसङ्ग, प्रतीक, विम्ब र लयले लिम्बू जनजातिको प्रजातिगत विविध पक्षलाई बलियोसँग पहिचान गराइएको निचोड निकालिएको छ । यसका साथै भाषा, इतिहास, मिथक आदिको अध्ययनबाट कवितामा किरात लिम्बू पहिचान प्रस्ट रूपमा अभिव्यक्त भएको निष्कर्ष पनि निकालिएको छ । यस अध्ययनमा कवि स्वप्निल स्मृतिले कवितामार्फत सांकेतिक रूपमा जातीय दमन र विभेदको ऐतिहासिकतालाई अघि सार्दै आफ्नो प्रजातिगत विशेषता, पीडा, अस्तित्व र इतिहासलाई प्रकाश पारेको निष्कर्ष निकालिएको छ ।

**कथ्य सन्दर्भ**

'कथा घुमाउने चौतारीमा काभ्राको....' ऐतिहासिक जातीय कथालाई प्रतीकात्मक रूपमा भनिएको कविता हो । यस कवितामा हजुरआमाले नातिलाई काभ्रा र पीपललाई प्रतीक बनाएर किरात जातिमाथि भएको युद्ध-दमनको कहालीलाग्दो दृश्य प्रस्तुत गरेकी छन् । पीपलको चौतारीमा भारी

बिसाएपछि हजुरआमाले नातिलाई काभ्राको रूखमा पीपल पलाएको कथा भनेकी छन् । हजुरआमाको सांस्कृतिक कथालाई नातिले ध्यान दिएर सुन्दछ । आँधीहुरीले पनि नहल्लिने, बाढी पहिरोले पनि बगाउन नसक्ने निकै ठुलो काभ्राको रूखलाई किरात जातिहरू आस्थाको रूपमा हेर्दथे । किरातहरू काभ्राको रूखको परिवर्तन हेरेर मौसमको पनि जानकारी लिन्थे । खेतालाहरू काभ्राको छायामा हेरेर दिन नाप्दथे भने पात खस्दा उभौली र पात पलाउँदा उभौली लागेको चाल पाउँथे । काभ्राको दशतिर झाँगिएका हाँगाहरू लिम्बूहरूकै सन्तानजस्ता थिए । उनीहरू त्यही काभ्राको फेदमा गोडाको चालमा चाल मिलाई च्याब्रुङ बजाएर उत्सव मनाउँथे । हजुरआमाले नातिलाई कहालीलाग्दो पुरानो कथा भन्ने क्रममा बराजुले देखेको सपना पनि भन्दछिन् । बाजेको बाजेको बाजेले चट्याङले काभ्राको रूख ढालेको सपना देखेछन् तर, विपनामा चाहिँ काभ्राको रूखमाथि तीनपाते पीपलको विरूवा देखियो, जो जङ्गली बिरालोको गुहुमा उम्रिएको थियो । कथा सुन्दासुन्दै नातिले आफूलाई काभ्राको रूखजस्तो भएको महसुस गर्छ र कथा अझै सुन्न लालायित हुँदै 'त्यसपछि भएछ के हँ युमा ?' भन्छ । हजुरआमाले काभ्राको दुःखान्त कथा नातिलाई मार्मिक ढङ्गले सुनाउँछिन् । एकदिन पीपलले काभ्रामा जरा हालेपछि काभ्रा बोक्रा धोद्रो मात्र बाँकी भयो भने पीपलले अस्मट जोबन पायो । काभ्राको ठाउँमा हुर्किएको पीपललाई पनि कतिपय काभ्राका सन्तानले काभ्रा नै ठानेका छन् । हजुरआमाले नातिलाई आफ्नो जातीय 'स्व' गुमेको कुरा दर्दनाक ढङ्गले कहेकी छन् । काभ्रा ढलेपछि तन्नेरी तरूनीहरूको शिर ढलेको, नानीहरू खेलौना सरी भएको र मुन्धुम पनि ढलेको प्रसङ्गले कवितालाई हृदयविदारक बनाएको छ । पीपल हुर्कपछि भोकतिर्खाले नयाँ अवतार मात्र लिएन, शोषण दमनको संस्कृति सुरू भयो भने पीपलको घुमाउने चौतारीमा नरमेध महायज्ञ लगाएर रगत चढाउन थालियो । त्यहीबाट घृणा, ईर्ष्या, रिस र युद्धले जन्म लिएको कुरा हजुरआमा सुनाउँछिन् । यति कथा भनेपछि हजुरआमा लामो श्वास तान्छिन् र कथा रोक्छिन् । कथा तमरभन्दा लामो रहेको र सुँगुरलाई चारो दिने बेला भएकोले घर जानका लागि हजुरआमाले नातिलाई सम्झाउँछिन् । भारी अब नातिले बोक्छ र हजुरआमा लौरो टेक्दै कथा भन्छिन् । त्यो पीपल चौतारामा धेरै घोडचढी आएर थकाइ मारेको प्रसङ्ग पनि कवितामा आएको छ । हजुरआमाले त्यो घुमाउने चौतारीमा जति थकाइ मारे पनि थकाइ नमर्ने कुरा नातिलाई बताएकी छन् । त्यही पीपलको हाँगामा चेप्जु बाजेलाई भाला रोपेर मारेको र दुई जीउकी चेप्जु बोजुलाई भुँडी फोरेर मारेको कुरा सुस्ताउँदै हजुरआमाले बताएकी छन् । यहीनेँर कविताको कथानक रोकिएको छ ।

यसरी कविताले साङ्केतिक रूपमा जातीय दमन र विभेदको ऐतिहासिकतालाई अघि सारेको छ । जातीय, सांस्कृतिक, सामाजिक र ऐतिहासिक आदि समाजशास्त्रीय कोणबाट यस कविताको सूक्ष्म अध्ययन गर्न सकिन्छ ।

### इतिहासगत सन्दर्भमा पहिचान

समकालीन नेपाली कवितामा राज्य पुनःसंरचनाको प्रभावसँगै पहिचानमूलक प्रतिनिधित्वको विषय मुख्य बनेको छ । समसामयिक परिवर्तनको मूल्यबोध र शासन सत्तामा आफ्नो पहिचान तथा प्रतिनिधित्वको विषय उल्लेख्य देखिन्छ । पहिचान आफ्नो र समूहसँग सञ्चरण हुने विषय भएकाले आफ्नो र समूहका लागि खोजिएको पहिचान समसामयिक सन्दर्भको मूल पक्ष हो (शर्मा, २०७८, पृ. ९७) । पहिचानले आफ्नो प्रजातिगत इतिहासलाई फर्केर हेर्ने गर्दछ किनकि इतिहासप्रति समुदायगत

रूपमा भिन्न-भिन्न दृष्टि र व्याख्या हुन सक्दछ । खासगरी आदिवासी जनजातिको इतिहास-दृष्टिले लिखित स्वरूपमा भन्दा मौखिक स्वरूपमा समुदायको श्रुति परम्परामै बाँचेका आयाम बढी आस्थाको हेरेको हुन्छ । स्वप्निल स्मृतिको 'कथा- घुमाउने चौतारीमा काभ्राको...' कवितामा पनि कविले आफ्नै प्रजातिकै इतिहासलाई मुख्य विषय बनाएका छन् । यस कवितामा मूलतः लिम्बू, राई जाति र प्रासङ्गिक रूपमा ब्राह्मण, ठकुरी जातिको प्रजातिगत विशेषताहरू समेटिएको कविता हो । यस कवितामा वक्ता र श्रोताको भूमिकामा देखिएका पात्रहरू पनि किरात लिम्बू नै छन् । स्वयम् कविले पनि लिम्बू जातिको प्रतिनिधित्व गर्ने हुँदा यसमा किरात लिम्बूकै ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा प्रजातिगत विशेषताहरूले केन्द्रीय महत्त्व पाएका छन् । आफ्नो स्वतन्त्र भूमिमा युद्धगत हस्तक्षेप भएपछि किरातहरूको अस्तित्व नै सङ्कटमा परेको इतिहासको त्यस घडीको संस्मरण नै कविताको मूल कथ्य हो । किरातहरूको राज्य, त्यस राज्यका जनताहरूले बेहोर्नु परेका ऊहापोहयुक्त जीवनका विविध पाटोलाई कवितामा देखाइएको छ । कवितामा किरात लिम्बू जातिका पहिचानलाई देखाउने र समाजशास्त्रीय सौन्दर्यमूल्यलाई स्थापित गर्ने अनेक सङ्केतहरू छन् ।

नेपालको पूर्वी पहाडी भूखण्डमा धेरै पहिलेदेखि बस्दै आएका लिम्बू तथा राईहरू मङ्गोल वर्गमा पर्दछन् । उनीहरूको घना बस्ती भएको ठाउँलाई पल्लो किरात, माझ किरात र ओल्लो किरात भन्ने गरिएको पाइन्छ । पल्लो किरातमा लिम्बूहरूको बाहुल्य र बाँकीमा राईहरूको बाहुल्य रहेको पाइन्छ । इसापूर्व द्वितीय सहस्राब्दीसम्म यस भूभागमा किरातहरूको प्राधान्य थियो (शर्मा, २०५८, पृ. ८) । पछि यस भूमिमाथि आर्यहरूले प्रभाव जमाए । ऋग्वेदका अनुसार आर्यहरूले किरात अर्थात् किर जातिसँग सङ्घर्ष गर्नुपरेको थियो (शर्मा, २०५८, पृ. ४४) । किरातहरूले समयक्रमसँगै बेला-बेलामा अनेक युद्धको सामना गरेका छन् । नेपालमा किरातहरूले शासन गरिरहेको समयमा वि.सं. १६७ तिर लिच्छविहरूले काठमाडौँ उपत्यका आक्रमण गरी किरात राजा गस्तीलाई धपाए । यसपछि किरातहरू उपत्यकापूर्वका विभिन्न क्षेत्रमा बसोबास गरे (संग्रौला, २०६७, पृ. ४३) ।

यस कवितामा पीपलले काभ्राको बोटलाई विस्थापित गरेको बिम्बात्मक अभिव्यक्ति छ । त्यस अभिव्यक्तिमा गोर्खाली राजा पृथ्वीनारायण शाहले किरात राज्यमा बर्बर आक्रमण गरेको इतिहास सन्दर्भ निहित छ । गोर्खाली सेना र लिम्बूवानी सेनाबिच निकै लामो समयसम्म युद्ध चलेको समयमा कतिपय लिम्बूवानी सेनाले गोर्खालीलाई सहयोग गरेका थिए । गोर्खाली सेनाद्वारा विजय प्राप्त भएपछि कीर्तिपुरको नाक, कान, ओठ, स्तन गरी सत्र धार्नी काट्ने आततायी इतिहास त्यहाँ पनि दोहोरियो । भलै प्रकृति फरक थियो (सुब्बा, २०६७, पृ. ५०) । लिम्बूवान कब्जा गर्ने उद्देश्यले युद्धका क्रममा वि.सं. १८३० को चैत महिनामा गोरखाली सेना चैनपुर पुगेपछि लिम्बू र गोरखा सेनाबिच घमासान युद्ध भएको थियो । पृथ्वीनारायण शाहका गोरखाली सेनाले लामो समय लिम्बूवानमा लड्दा पनि जित हासिल गर्न नसकेपछि गोरखाली सेना लिम्बू सुब्बाहरूसँग सम्झौता गर्न बाध्य भयो । पृथ्वीनारायण शाहले १८३१ साउन सुदी २२ रोज २ मा लिम्बू सुब्बाहरूको नाममा एक लालमोहर जारी गरेपछि युद्ध अन्त्य भयो (दिक्पाल, २०७९, पृ. १६) । लिम्बूवानभन्दा अघि नै ई. १७७० मा खम्बुवान गोर्खाली राजाको अधीनमा आइसकेको थियो । गोर्खाली फौजले खम्बुवानमा पनि हजार जना खम्बुवानी प्रतिरक्षक काटिएको चारसय जति सम्भवतः दुधकोसी, सुनकोसी र अरूण कोसी तर्ने क्रममा मारिएको र चौध सय आईमाई केटाकेटी गायब पारिएको थियो (याक्खा राई, २०५७, पृ. १३) । यिनै विविध ऐतिहासिकतालाई पृष्ठभूमि बनाएर कवि स्मृतिले कवितामार्फत आफ्नो प्रजातिगत अस्तित्व र पीडालाई अगाडि ल्याएका छन् ।

**पात्रगत सन्दर्भमा पहिचान**

कुनै व्यक्ति अरूभन्दा कसरी र किन भिन्न छ भन्ने बुझाउन देखिने गुण नै पहिचान हो । पहिचान वैयक्तिक र सामूहिक दुवै हुन सक्छ । सामान्य अर्थमा, पहिचानको निर्माण कुनै व्यक्ति वा समूहका साथ कुनै साझा विशेषताका मान्यताका आधारमा हुन्छ । पहिचान अभिव्यक्तिको एउटा प्रक्रिया हो (घर्ती, २०८१, पृ. ६८) । साहित्यमा प्रजातिगत पहिचानको अभिव्यक्ति गर्ने सशक्त माध्यम पात्र हो । कवि स्वप्निल स्मृतिको यस कवितामा प्रयुक्त पात्रहरू आआफ्नो प्रजातिगत पहिचानका प्रमुख आधार हुन् । कवितामा कथावाचक 'युमा' हजुरआमा बुझाउने लिम्बू शब्द हो । त्यस्तै चेप्जु बाजे र चेप्जु बोजु शब्द पनि लिम्बू शब्द नै हुन् । युमाको मुखबाट कथा सुन्दासुन्दै नातिले भन्छ :

(हावा आइरहेछ चौतारीमा सिरिरिरि.........रिरिरि...रिरि..रि..
कथा देशमा छौं हामी युमा नाति
कि म काभ्राको कथा सुन्दासुन्दै आफै काभ्राको रूख भएछु
त्यसपछि भएछ के ....है ....युमा ?) (स्मृति, २०७३, पृ. ९९)

लिम्बू मिथकमा हजुरआमा र नातिको आत्मीय सम्बन्ध रहेको हुन्छ । कवितामा पनि सँगसँगै भारी बोकेर हिँड्छन् र आत्मीयताका साथ कुरा गर्छन् । त्यसैले यी पात्रहरूले लिम्बू प्रजातिका अभिलक्षणसहित आआफ्नो पहिचान प्रस्ट्याइरहेका छन् । यस कविताका पात्रहरूले प्रजातिगत स्वभावका प्रशस्तै सङ्केत छाडेका छन् । लिम्बूहरू सामूहिक जीवनमा विश्वास गर्छन् । एकअर्कामा सद्भाव राखेर प्रेमको उत्सव मनाउँछन् र प्रेमको महोत्सवमा मौलिक लयमा गीत गाउँछन् । कविताका निम्नलिखित पङ्क्तिहरूले यिनै कुराको पुष्टि गर्दछन् :

हातमा हात समाई हा कि हा.... गोलाकार
गोडाचालमा गोडा चाल मिलाई भिरेर च्याब्रुङ बुरूङ...बुरूङ...
प्रेमको महाउत्सव काभ्राको फेदमा
नाति
काभ्राको जरा जरानेर मगमगाउँथे आदि साम्यवाद
काभ्राको टुप्पा भन्नु त कन्याङकुरूङको साङ्ग्रिला राज्य रे । (पृ. ९८)

यी पङक्तिहरूले सामूहिकता र हार्दिकतालाई जाहेर गर्दछन्, जो लिम्बूहरूको प्रजातिगत स्वभावसँग एकाकार भएका छन् । लिम्बू समुदायभित्र रहेको सामूहिकताको स्वभाव किपट प्रथामा पनि पाइन्छ । पल्लो किरातको किपट प्रथा जातीयतामा आधारित भएकाले किपट भूमिमाथि सम्बन्धित जातिका प्रत्येक सदस्यको अधिकार रहन्थ्यो । जग्गाको संरक्षण प्रमुख सुब्बाले गरे पनि उपभोगको दृष्टिले लिम्बूका प्रत्येक सदस्यहरूको सामूहिक अधिकार रहन्थ्यो (संग्रौला, २०६७, पृ. ७२) । लिम्बूहरूको पहिचान यसरी किपट प्रथा अर्थात् साझा भूमिसँग गाँसिएको हुन्छ । अहिलेसम्ममा लिम्बूहरूले मात्रै यस्तो प्रकारको भूमि आफ्नो स्वामित्वमा राख्न सक्षम भएका छन् (कपलान्, सन् २०१०, पृ. ५) । यी साक्ष्यहरूलाई आधार मान्दा लिम्बूहरू सामाजिक, आर्थिक, सांस्कृतिक रूपमा पनि व्यक्तिभन्दा समूहलाई रिस, युद्धभन्दा सद्भाव र प्रेमलाई प्राथमिकता दिने प्रजाति हुन् भन्ने प्रस्ट हुन्छ । कवितामा हजुरआमा भन्छिन्

पीपलले काभ्रा थिचिमारेपछि
शुरू भ'को रे थिचोमिचो र शोषण दमनको संस्कृति
पीपल पहेलै भ्याँगिदै गएपछि
बनाइएछ वरिपरि यो घुमाउने चौतारी
लगाइएछ नरमेध महायज्ञ
र रगत चढाउन थालिएछ प्रत्येक विहान
त्यहीँबाट शुरू भएको रे नाति इतिहास ईर्ष्या डाहीको
जब काभ्राको रूखमा शुरू भयो इतिहास पीपलको
तब मानिसमा घृणाको जन्म भएको रहेछ
रिसको जन्म भएको रहेछ
युद्धको जन्म भएको रहेछ (पृ. ९९-१००)

यस कवितामा पीपलले साङ्केतिक रूपमा गैरलिम्बू अर्थात् हिन्दू शाहवंशीय शासकहरूलाई बुझाएको छ । सहकार्यमा आधारित आदिम साम्यवादीय जीवनशैली अपनाइरहेका लिम्बुवानमा गैरलिम्बूहरूको प्रवेशपछि घृणाले पनि जन्म लिएको प्रसङ्ग कवितामा छ । वास्तवमा पल्लो किरात पृथ्वीनारायण शाहको समयमा नेपाल 'अधिराज्य' मा सम्मिलित भएपछि लिम्बूवानमा उक्त जातका मानिसहरू यहाँ आई बसोबास गरेको बुझिन्छ (श्रेष्ठ, २०५२, पृ. ६८) । कवितामा भिन्न-भिन्न प्रजातिहरूको बसोबासमा देखापरेको मिश्रणले लिम्बूहरूको स्वभावगत एकत्वमा नकारात्मक असर परेको सङ्केत छ ।

कवितामा नातिलाई कथा सुनाउँदै हजुरआमा भन्छिन् -

नाति त्यही पीपलको हाँगा हो
तिम्रो चेप्जु बाजेलाई झुण्ड्याएर भाला रोपिएको
त्यही झरिल्लो ढुङ्गा हो
दुई जीउकी तिम्रो चेप्जु बोजुलाई
उचाल्दै पछार्दै भुँडी फोरेर मारिएको...(पृ. १०१)

कवितामा ती गैरलिम्बू शासकहरूले लिम्बूहरूलाई रूखमा झुण्ड्याएर भाला रोपिएको र गर्भवती महिलाहरूलाई ढुङ्गामा पछारेर निर्मम ढङ्गले हत्या गरिएको दृश्य प्रस्तुत गरिएको छ । प्रजातिगत यस साक्ष्यले गैरलिम्बू प्रजातिगत शासकहरूको क्रूर स्वभावलाई सङ्केत गरेको छ । इतिहासका पाना पल्टाउँदा लिम्बुवान राज्यले गोर्खाली राज्य र अन्य राज्यसँग पटक-पटक लड्नु परेको कुराका साक्ष्य फेला पर्दछन् । त्यति मात्रै होइन, ती लडाइँहरूमा लिम्बूहरूले कमजोर हतियार भए पनि बलियो साहसका साथ लडेको देखिन्छ । उनीहरू प्रायः विदेशी वा स्वदेशी सेनामा भर्ती भएर आयस्रोत बढाउने काममा संलग्न देखिन्छन् (शर्मा, २०५८, पृ. २७५) । यी कुराहरूका आधारमा लिम्बूहरू लडाकु स्वभावका पनि हुन्छन् भन्ने पुष्टि हुन्छ, तर यस स्वभावको बारेमा कविता मौन रहेको छ ।

## सामाजिक तथा सांस्कृतिक सन्दर्भमा पहिचान

आदिवासीहरू परम्परागत रूपमै सामूहिक आस्था, जीवनशैली, साझा भाषाले मात्र एक आपसमा गाँसिएका हुँदैनन्, उनीहरू ऐतिहासिक कालदेखि नै एकै भूमि वा क्षेत्रमा बसोबास गर्ने गर्दछन् । यिनै आधारमा उनीहरूले आ-आफ्ना बेग्लै समुदायगत पहिचान पनि बनाएका हुन्छन् (सुन्दर, सन् २०१३, पृ. ५२) । उनीहरूको आफ्नै विश्वास पद्धति, मूल्य-मान्यता र पृथक् संस्कृति बोकेको समाज हुन्छ । त्यही समाज र संस्कृतिले नै उनीहरूको प्रजातिगत पहिचानका सन्दर्भहरूलाई बोकेको हुन्छ । कवि स्वप्निल स्मृतिको यस कवितामा प्रयुक्त पात्रहरूको प्रजातिगत अभिलक्षणलाई सांस्कृतिक तथा सामाजिक सन्दर्भहरूले अझ सूक्ष्म रूपमा प्रस्तुत गरेका छन् । लिम्बूहरूको धर्म संस्कृति, रहनसहन, पेसा, परम्परागत विश्वास आदिसँग जोडिएका अनेकौ प्रसङ्गबाट यस कविताको भाव संरचित छ ।

लिम्बू संस्कृतिमा काभ्रालाई ठुलो आस्थाको रूपमा हेरिन्छ । मौसम परिवर्तन र समय सूचकको रूपमा समेत काभ्रालाई हेरिएको पाइन्छ । यस आस्थालाई कवितामा यसरी व्यक्त गरिएको छ-

झोलुङ्गे पुलजस्तो आकाशलाई छुने टुप्पामा जून झुल्किन्थ्यो
दिनहरू नाप्थे त्यसको छाँयामा खेतालाहरू
पात खस्दा उधौली अरे
पात पलाउँदै उभौली अरे
रैथानेहरूको आदिम सभ्यता भन्नु त
त्यही काभ्राको रूख हो रे । (पृ. ९८)

लिम्बू संस्कृतिमा उधौली र उभौलीको ठुलो महत्त्व छ, जसले ग्रामीण कृषि जीवनसँग पनि सम्बन्ध राख्छ । खेतालाहरू काभ्राको रूखमुन्तिर देखिने छाँया हेरेर समयको अड्कल काट्दथे । लिम्बू समाजमा त्यही काभ्राको रूखमा पात पलाउँदा उभौली लागेको र पात झर्दा उधौली लागेको भन्छन् । त्यस्तै उनीहरूको संस्कृतिमा उधौली र उभौली दुई यामलाई मात्र महत्त्व दिइन्छ । प्रकृतिमा देखापरेका मौसम परिवर्तनलाई श्रमसँग जोड्दा उत्सव मनाउने लिम्बू समुदायले आफ्नो सभ्यतालाई माया गर्ने कुरा कवितामा पनि प्रतिविम्बित भएको छ ।

लिम्बूवानमा दश लिम्बू राज्य र सत्र थुम (जरा) रहेको मानिन्छ, जसलाई लिम्बूका विभिन्न रक्त वंशजका रूपमा लिइन्छ । त्यही कुराको सङ्केत स्वरूप तलको कवितांशलाई लिन सकिन्छ

दशतिर झाँगिएका हाँगाहरू
ठूलो हाँगाले फक्तालुङ हिमाल ताकेको
सत्रतिर ओच्छिएर जराहरू
मूल जरा चोत्लुङतिर मोडिएको । (पृ.९८)

लिम्बू समुदायमा फक्तालुङ भन्नाले कुम्भकर्ण हिमाललाई बुझाउँछ । कुम्भकर्ण हिमाललाई लिम्बुवानमा सभ्यता र आस्थाको प्रतीकका रूपमा लिइएको पाइन्छ । चोत्लुङ भनेको सिद्धिस्थल हो, जुन ठुलो ढुङ्गाको रूपमा रहेको हुन्छ । कविताले लिम्बूको जनसङ्ख्या बढ्दै गएपछि बसोबासको

भूभाग पनि फैलँदै गएको सङ्केत गर्दछ । लिम्बूहरू काभ्राको रूखलाई ग्रहदशा स्वस्ति शान्ति गर्ने केन्द्रको रूपमा पनि लिन्छन् । वर्षमा एकदिन गरिने पूजालाई लिम्बूहरू मैनाम भन्छन्, जुन दिन कुनै व्यक्तिको शिर उठाउन आराधना गरिन्छ । कवितामा भनिएको छ–

काभ्रोको बोट त्यो
जीवनको मैनाम रे गाउँलेहरूको
शक्तिको मरूम्सिलांगरे बस्तीहरूको ...(पृ.९७)

मुरुम्सित्लाङ भनेको घरको मूल खम्बा हो । यस कवितामा काभ्राको रूखलाई आस्था र विश्वासको रूपमा मात्रै लिइएको छैन, परिवार र समाजको शक्तिको मूल खम्बाको रूपमा पनि लिइएको छ । कवितामा पनि काभ्राको रूखलाई निकै ठूलो र बलियो रूपमा प्रस्तुत गरिएको छ ।

यस कवितामा संस्कृति र धर्मसँग गाँसिएका प्रसङ्गहरू पनि छन् । कवितामा आएको मुन्धुमको प्रसङ्गलाई विशेष रूपमा लिन सकिन्छ । किरातहरूको धर्मग्रन्थ मुन्धुम/मुन्दुम हो । उनीहरूले प्रकृति र पुर्खाहरूलाई नै 'देवता' का रूपमा सम्मान गर्ने हुँदा मुन्धुम प्राकृत धर्मसँग सम्बन्धित छ (ढकाल, २०६९, पृ. ८४) । मुन्धुमलाई हिन्दुहरूको वेदको समानान्तर राखेर हेरिन्छ । मुन्धुमको मूल दर्शन एउटै भए पनि लिम्बू र राईहरूको कर्मकाण्डीय विधिहरू विविध छन् । प्रकृतिमै रहेको काभ्रालाई विशेष रूपमा आदर गर्ने काभ्राको रूखमा पीपलले आफ्नो वर्चस्व कायम गरेपछि अर्थात् लिम्बू समाजको धार्मिक जीवनमा गैरब्राम्हणहरूको क्रूर दमन सुरु भएपछि मुन्धुमको अस्तित्व पनि धरापमा परेको सङ्केत कवितामा छ । कवितामा भनिएको छ–

अँ सुन्, काभ्रा ढलेपछि त
ढल्यो रे तन्नेरी तरूनीको शिर
खेलौना सरीमात्र भए रे नानीहरू
बुढापाकाका मुन्धुम ढल्यो रे
मन ढल्यो रे, देश ढल्यो रे (पृ.९९)

माथिको साक्ष्यले लिम्बूहरूले मुन्धुमलाई सामान्य कर्मकाण्डीय विधानको रूपमा मात्रै नलिई मन र माटोसँग जोडेर हेर्छन् भन्ने कुराको पुष्टि हुन्छ ।

लिम्बूहरूले जीवनयापन गर्न विभिन्न पेसा अपनाएका छन् । जनसङ्ख्या वृद्धि र आधुनिकताको प्रभावसँगै पेसा परिवर्तन हुनु स्वाभाविक पनि हो । जहाँ–जहाँ, जुन–जुन पेसा व्यवसाय गरे पनि हरेक जातिको एउटा प्रमुख पेसा हुन्छ । लिम्बूहरूको मुख्य पेसा कृषि हो (शर्मा, २०५८, पृ. २७५) । उनीहरू पशुपालनमा पनि विशेष सक्रिय रहन्छन् भने पशुपालनमा पनि सुँगुरपालनमा लिम्बूहरूको विशेष रूचि रहेको देखिन्छ । सांस्कृतिक रूपमा पनि सुँगुरको मासुलाई विशेष महत्त्व दिइने भएकाले पनि सुँगुरपालन लिम्बूहरूको प्राथमिकतामा परेको हो । विवाह, ब्रतबन्ध र धार्मिक कार्यहरूमा सुँगुरको मासुलाई पवित्र रूपमा प्रयोग गरिन्छ । यस कवितामा हजुरआमाले कथा निकै लामो रहेको प्रसङ्ग कोट्याउँदै भन्छिन्-

कथा तमरभन्दा लामो छ
सुँगुरलाई चारो दिने बेला भो, जाउँ हिँड घर...(पृ.१००)

कवितामा युमा र नातिले पिँडालु पातको भारी बोकेको दृश्य छ । सुँगुरलाई चारो दिने बेला भएको प्रसङ्ग र सुँगुरको प्रमुख चारो पिँडालु पातको भारी बोकेको प्रसङ्गले पात्रहरूको घरमा सुँगुर पालन गरेको जनाउ दिन्छ भने कवितामा आएका पात्रहरू लिम्बू प्रजातिका नै हुन् भन्ने कुरालाई थप बल मिलेको छ ।

लिम्बू मौलिक नाचगानमा रमाउने प्रजाति हो । उनीहरूले बजाउने विभिन्न बाजामध्ये च्याब्रुङ एक हो । च्याब्रुङलाई लिम्बूहरू 'के' भन्दछन् । यस बाजाबाट निस्कने आवाजको अनुकरणात्मक शब्द च्याङ र भ्रुङको संयोजनबाट च्याब्रुङ बनेकाले 'के' लाई च्याब्रुङ भनिएको पाइन्छ । च्याब्रुङको एकापट्टि हातको पञ्जाले र अर्कोपट्टि गजोले बजाइन्छ । च्याब्रुङको उत्पति केदेम थरी लिम्बू जातिको उत्पतिसँग पनि जोडिएको पाइन्छ (तुम्बाहाङ, २०६८, पृ. १६६) । च्याब्रुङ बाजा मात्र नभएर नाच पनि हो । च्याब्रुङ बजाएर नाचिने हुँदा यसको नाम यस्तो रहन गयो । वास्तवमा भन्ने हो भने यसलाई लिम्बूहरू कुसरूक्पा भन्छन् । त्यसको नाम रहने पनि कारण छ । च्याब्रुङ नाचमा सर्वप्रथम जुन मङ्गलाचरण गाइन्छ, त्यसलाई कुसरूक्पा भनिन्छ । कुसरक्पाबाट प्रारम्भ गरिने नाच हुनाले त्यस नाचको नाम पनि त्यसैसित गाँसियो (शर्मा, २०५८, पृ. २७९) । यो नाच बिहेको लगन, घरपैँचो आदिमा ढोलको तालमा खुट्टा हल्लाउँदै नाचिन्छ (पाण्डेय, २०६४, १०९) यसमा गायन, वादन र नृत्यको सुमधुर संयोजन रहेको हुन्छ (ढकाल, २०६९, पृ. ८६) । प्रस्तुत कवितामा पनि च्याब्रुङको प्रसङ्ग यसरी आएको छ -

गोडा चालमा गोडा चाल मिलाई भिरेर च्याब्रुङ बुरूङ बुरूङ
प्रेमको महाउत्सव काभ्राको फेदमा (पृ.९८)

यहाँ च्याब्रुङले बाजालाई र बुरूङ बुरूङले नाचतिर सङ्केत गरेको छ । कठोर परिश्रम गरेर जीविकोपार्जन गर्ने लिम्बू समुदाय चाडबाड र मेलापर्वमा नाचगान गरेर आफ्नो मनोविनोद गर्दछन् । उनीहरूको समाजमा सर्वाधिक प्रचलनमा आएको नाचलाई धाननाच भनिन्छ । सम्भवतः यस नाचको प्रारम्भ धान दाइँ गर्ने खलाबाट भयो होला (शर्मा, २०५८, पृ. २७८) । तन्नेरीहरू हुलका हुल घरआँगन, खला, मेलामा रातभर धान नाच नाच्दछन् । एकजोडी एकान्तमा गाएर नाच्ने नभई सामूहिक रूपमा सार्वजनिक ठाउँमा नाच्ने हुनाले यसबाट कामवासनाजन्य विकृति आउँदैन भन्ने विश्वास गरिन्छ । यस अर्थमा पनि लिम्बूहरू धान नाचलाई पवित्र मान्दछन् तर, कुटुम्बेरीसँग मात्रै नाच्ने र नाच्नुअघि माइती मावलीलाई हटिदिन आग्रह गर्ने हुनाले युवकयुवतीबिच प्रेमविवाह हुनसक्ने सम्भावना पनि टड्कारै रहन्छ । यस कवितामा युमा भन्छिन्-

हातमा हात समाई हा कि हा...गोलाकार
गोडा चालमा गोडा चाल मिलाई भिरेर च्याब्रुङ बुरूङ बुरूङ
प्रेमको महाउत्सव काभ्राको फेदमा (पृ.९८)

यस साक्ष्यमा आएको 'हा..कि..हा' ले हातमा हात मिलाई, गोडा गोडाको चाल मिलाइले लिम्बूहरूको उही धाननाचलाई बुझाएको छ भने त्यही नाचगानको प्रसङ्ग प्रेमको सामूहिक उत्सव मनाउने कुरा पनि उल्लेख छ ।

सिर्जनामा कतै न कतै समाज, इतिहास तथा संस्कृतिका चिह्नहरू भेटिनु सिर्जना र समाज परस्पर सम्बन्धित छ भन्ने प्रमाण हो । समाजशास्त्रीय अध्ययनले पनि सिर्जनाका तिनै ससाना साक्ष्यहरूको आधारमा निष्कर्षसम्म पुग्ने चेष्टा गर्दछ । यस कवितामा पनि ससाना सङ्केतक, सूचकहरूले समाजशास्त्र अध्ययनको फराकिलो मैदानमा पुऱ्याउँदछ । कवितामा एउटा प्रसङ्ग यस्तो छ–

कथा तमरभन्दा लामो छ,
सुँगुरलाई चारो दिने बेला भो, जाउँ हिँड घर... (पृ.१००)

माथिको कवितांशले बुझाउने सामान्य आशय हो, कथा तमोर नदीभन्दा लामो छ । तर, मिथक र किंवदन्तीलाई आधार मान्ने हो भने अर्थको दायरा फराकिलो हुन जान्छ । राई तथा लिम्बू जातिमा पाइने लोककथाअनुसार दक्षिणबाट सप्तकोसी किनारै किनार सिकार खेल्दै किरातवंशी चार भाइ र एउटी बहिनी सुनकोसी अरूण तथा तमोर नदीको संगमस्थलमा आइपुगेपछि कान्छो भाइले त्यही बस्न मन गरेको र बहिनीले पनि कान्छो भाइसँगै बस्न मन गरेकीले उनीहरूलाई तराईमै छाडेर बाँकी तीन भाइ आपसमा छुट्टिदै एउटा-एउटा नदीको गडतीर रोजी अगाडि बढ्ने भाइहरूमध्ये अरूण नदीतिर लाग्ने भाइबाट राई, तमोर नदीको किनार पछ्याउनेबाट लिम्बू, सुनकोसीको गडतीर पछ्याउनेबाट सुनुवार र तराईमै रहेका कान्छो भाइ र बहिनीबाट थारू जातिको विकास भएको अनुमान छ (शर्मा, २०५८, पृ. २५५) । कवितामा कथा भन्ने युमा लिम्बू भएकोले सुनकोसी, अरूण नदी नभनेर आफ्नै मिथकसँग जोडिएको तमोर नदीको नाम भनेका छन्, जसले कविभित्र रहेको प्रजातिगत सचेतनालाई समेत प्रतिविम्बित गर्छ । यति मात्र नभएर यस प्रसङ्गले लिम्बूहरूको बसोबासको भूभाग तमोर नदीको वरपर रहेको भौगोलिक पर्यावरणलाई पनि बोध गराउँछ ।

यस कवितामा काभ्राको टुप्पोलाई कऱ्याङकुरूङहरूको साङ्ग्रिला राज्यको रूपमा हेरिएको छ । प्रकृतिपूजक प्रजातिका रूपमा चिनिएका लिम्बूहरूको जनविश्वासअनुसार कऱ्याङकुरूङ कराएमा उभौली लागेको मानिन्छ ।

कवितामा प्रकृतिलाई नै दैवी शक्ति मान्ने हुनाले चट्याङले काभ्रा ढलेको दुस्वप्नलाई अशुभ सङ्केतका रूपमा लिइएको छ । कवितामा भनिएको छ–

तिम्रो बाजेको बाजेको पनि बाजेले देखेछ सपना
लुम...लुम.... काङयाङ...दुङदुङदुङ...दुङ...हा याक
चट्याङले काभ्रा ढलेको दुःस्वप्न
विपनामा त काभ्रामाथि उम्रेको थियो रे
पीपलको तीनपाते विरूवा पो जंगली विरालोको गुहुमा (पृ. ९८)

यहाँ विरालोको हिंस्रक पक्षलाई प्रतीकात्मक रूपमा बुझाइएको छ । जनविश्वास र प्रकृतिलाई नै जीवनदर्शन मान्ने लिम्बू प्रजातिको जीवनशैली नितान्त मौलिक रहेको कुरा कविताले थप पुष्टि गर्छ ।

लिम्बूहरूको ऐतिहासिक सन्दर्भलाई हेर्दा गोर्खाली राजा पृथ्वीनारायण शाह र लिम्बूवानबीच वि.सं. १८३१ मा सन्धि भई सहराज्यको वातावरण सिर्जना भएको देखिन्छ । सिक्किमले लिम्बूवान

क्षेत्रको सम्पूर्ण भूभागमाथि अधिकार जमाउने हाँक दिएपछि लिम्बूवान र गोर्खालीबीच नूनपानीको समारोहद्वारा सन्धि भई युद्ध रोकिएको थियो (संग्रौला, २०६७, पृ. ४९) । जुन कुरा सिक्किमलाई मनपर्ने कुरा भएन । पछि सिक्किमले नेपालमाथि आक्रमण गर्ने योजना बनायो र नेपाल सरकारविरूद्ध लिम्बूवानका लिम्बूहरूलाई उक्सायो । नेपाल र सिक्किम युद्ध हुँदा बत्तीस हजार लिम्बूहरू सिक्किममा पलायन भए (संग्रौला, २०६६, पृ. ५३) । लिम्बूवानमै बाँकी रहेका लिम्बूहरूले चाहिँ गोरखाली शासन स्वीकार गरेर बसे र आफ्नो 'स्व' लाई तिलाञ्जली दिए । यही प्रसङ्गलाई साङ्केतिक रूपमा कवितामा भनिएको छ -

तर काभ्रा थिचिमारेर हावामा नाचिबस्दा पीपल
त्यो त काभ्रै हो भन्ठानो काभ्राका सन्तानहरूले ।
अँ सुन काभ्रा ढलेपछि त
ढल्यो र तन्नेरी तरूनीहरूको शिर
खेलौना सरीमात्र भए रे नानीहरू (पृ.९९)

यस साक्ष्यले सिक्किम पलायन नभएका लिम्बूहरूले पीपल र काभ्रा छुट्याउन नसकेको, समाज हाक्नुपर्ने युवा पिँढीको स्वाभिमान गुमेको र नयाँ पिँढी अरूकै हातको खेलौनाजस्तो भएको मार्मिक घटनावलीलाई प्रस्तुत गरेको छ ।

कवितामा प्रयुक्त शब्दहरूले पनि लिम्बू प्रजातिगत विशेषतालाई सङ्केत गरेका छन् । कविले लिम्बू प्रजातिगत प्रतीक, विम्ब, किंवदन्ती, मिथक आदि मिश्रण गरी लिम्बूवानको सामाजिक जीवनको उतारचढाव प्रस्तुत गरेका छन् भने राईहरूले भोग्नुपरेको पीडालाई पनि सङ्केत गरेका छन् ।

लिम्बू जातिबाहेक यस कविताका केही गौण पात्रहरूले समाजका अन्य प्रजातिहरूको पनि सङ्केत गरेका छन् । पीपलले सङ्केत गरेका ब्राह्मण/ठकुरी पात्रहरू हुन्, जो लिम्बूवान र खम्बुवानमा शासन गर्न गएका छन् । घोडचढी तानाशाहहरूले पृथ्वीनारायण शाहको पक्षलाई इङ्गित गरेका छन्, जसले चेप्जुबाजे र चेप्जु बोजुलाई निर्मम ढङ्गले हत्या गरेका छन् । कवितामा रणनीतिक रूपमा निकै चलाख र क्रूर रूपमा उभ्याइएको ती पात्रहरूले बाहुन वा ठकुरी प्रजातिको प्रतिनिधित्व गर्दछन् ।

यसबाहेक कवितामा साङ्केतिक रूपमा आएका अन्य पात्रहरूले प्रजातिगत पहिचानलाई बुझ्न सघाएकै छन् ।

यसरी 'कथा- घुमाउने चौतारीमा काभ्राको...' कवितामा प्रजातिगत पहिचानका अनेक सङ्केतहरू बलिया रूपमा अभिव्यक्त भएका छन् । कवि आफैँ पनि लिम्बू समुदायका भएका कारण उनले आफ्नो इतिहास, संस्कृति र समाजलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरेका छन् । कविले निकै होसियारीपूर्वक साङ्केतिक रूपमा प्रस्तुत गरेकाले पनि यो कविता कलात्मक बन्न पुगेको छ । कवितामा प्रजातिगत विशेषता र इतिहासलाई मिश्रण गरिएकाले पनि समाजशास्त्रीय दृष्टिले कविताको सौन्दर्य बलियो भएको देखिन्छ । नेपालजस्तो बहुल जाति-प्रजाति भएको भूमिमा लिम्बू समाजसँग प्रत्यक्ष सरोकार राख्ने यो कविता कलात्मक दृष्टिले पनि सशक्त देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा स्वप्निल स्मृतिको 'कथा-घुमाउने चौतारीमा काभ्राको...' कवितामा समेटिएका प्रजातिगत स्वरूपहरूको पहिचानको मूल्याङ्कन भएको छ । यस कवितामा लिम्बू समुदायको परिवेश, इतिहास र प्रजातिगत अभिलक्षणलाई बलियोसँग प्रतिनिधित्व भएको छ भन्ने देखाउँदै कवितामा चित्रित भूगोल, पर्यावरण, भाषिक परिवेश र ऐतिहासिकताको माध्यमबाट प्रजातिगत पहिचानको विश्लेषण गरी निष्कर्ष दिइएको छ । यसको सैद्धान्तिक ढाँचा रचना गर्दा हिपोलाइट एडल्फ तेनको प्रजातिसम्बन्धी मान्यतामा आधार बनाएर सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरी गुणात्मक शोधपद्धतिमा चयन गरिएका पाठको विश्लेषण गर्दै कविताको मूल्याङ्कन गरिएको छ । प्रजातिगत पहिचानलाई मुख्य अवधारणा बनाई यस अध्ययनमा इतिहासगत सन्दर्भ, पात्रगत सन्दर्भ र सामाजिक तथा सांस्कृतिक सन्दर्भमा प्रजातिगत पहिचानको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । यस कवितामा समाविष्ट विशेष प्रसङ्ग, प्रतीक, विम्ब र लयले लिम्बू जनजातिको प्रजातिगत विविध पक्षलाई बलियोसँग पहिचान गराइएको निष्कर्ष निकालिएको छ । साहित्यमा व्यक्ति मात्र नभएर समाज जति सशक्त र अभिन्न भएर आउँछ, त्यति नै रचना पठनीय र गहन बन्दछ भन्ने मान्यता बोक्ने समाजशास्त्रीय साहित्यिक अवधारणालाई मुख्य रूपमा स्विकार्दै विश्लेषण गरिएको छ । साहित्यिक समाजशास्त्रीहरूमध्ये हिपोलाइट एडोल्फ तेनले आफ्नो अध्ययन पद्धतिमा प्रजाति, क्षण र पर्यावरणलाई प्राथमिकता दिए, जो साहित्यिक समाजशास्त्रको क्षेत्रमा चर्चित मात्र नभई महत्त्वपूर्ण पनि छ । तेनले कुनै पनि साहित्यमा प्रजाति, क्षण र पर्यावरणलाई गहिरिएर अध्ययन गरी कृति र समाजको सम्बन्ध प्रस्ट्याउन सकिने विचार प्रस्तुत गरे । उनले वंशज र शरीर रचना, स्वभाव, जीवनशैली आदिका आधारमा प्रजातिगत विशेषता खुट्याउन सकिने मत अघि सारे । यही मतलाई नै कवि स्वप्निल स्मृतिको 'कथा- घुमाउने चौतारीमा काभ्राको...' कविताको प्रजातिगत विशेषतालाई विश्लेषण गर्दा सैद्धान्तिक आधार बनाइएको छ र प्रस्तुत कविता प्रजातिगत पहिचानका दृष्टिले बलियो रहेको निचोड निकालिएको छ । हजुरआमाले संस्मरणात्मक शैलीमा नातिलाई आफ्नै लिम्बू समाजको कथा सुनाउँदै अन्त्य यस कवितामा लिम्बू प्रजातिको पहिचानसँग सम्बन्धित विशेष सन्दर्भहरूको प्रयोग भएको र केही मात्रामा राई प्रजातिहरू पनि आएकाले पनि किरात-लिम्बू प्रजातिको पहिचान सघन रूपमा देखापरेको छ । प्रमुख पात्रको प्रजातिगत इतिहास, संस्कृति समाजलाई अनेक कोणबाट स्पष्ट विम्बसहित प्रस्तुत गरिएको यस कवितामा केही गौण पात्रहरूले पनि आफ्नो प्रजातिगत उपस्थिति जनाएका र प्रतीक, विम्ब, मिथक आदिको सहारा लिई साङ्केतिक रूपमा प्रस्तुत गरिएकाले कवितामा काव्यिक सौन्दर्यले उचाइ हासिल गरेको छ । सामाजिक रूपान्तरण र सौन्दर्य चेतनाको कलात्मक मिश्रणका कारण यो नेपाली कविता परम्पराकै एउटा उपलब्धिको रूपमा देखा परेको छ ।

## सन्दर्भ सामग्रीसूची


कपलान, लिओनल (सन् २०१०). *पूर्वी नेपालमा लिम्बू जातिको किपट र सामाजिक फेरबदल* (अनुः राजेन्द्र सुब्बा). जनजाति तथा वैकल्पिक विकास अध्ययन केन्द्र ।

काइँला, बैरागी (२०६३). हज्सन पाण्डुलिपिमा लिम्बू भाषा सम्बन्धी सामाग्रीको संक्षिप्त विवरण. *बहा जर्नल. ३(३).* पृ. १०५-१३५ ।

क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रि.वि. ।

घर्ती, दुर्गाबहादुर (सन् २०११). साहित्यको समाजशास्त्रका प्रमुख मान्यता. *Perspectives on Higher Education, (6),* 232-240.

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन.* इन्डिगो इन्क प्रा. लि.।

ढकाल, विप्लव (२०६९). कवि श्रवण मुकारूङको ९८ को आत्मकथा कविताको प्रजातिगत विश्लेषण. *आकुञ्चन, ४(४),* पृ. ७४-९० ।

तुम्बाहाङ, गोविन्दबहादुर (२०६८). *लिम्बू जातिको चिनारी.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र किरात याक्थुङ चुम्लुङ ।

दिक्पाल, राजकुमार (२०७९). *आदिवासी विद्रोहको इतिहास.* मञ्जरी पब्लिकेसन ।

पाण्डे, मधुसुदन (२०६४). *नेपालका जनजातिहरू.* पैरवी प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्य के समाजशास्त्र की भूमिका.* हरियाणा साहित्य अकादमी ।

याक्खा राई, दुर्गाहाङ (२०५७). गोर्खा खम्बुवान युद्ध. *नवचोमोलुङमा. १(१),* पृ. ११-१२ ।

शर्मा, जनकलाल (२०५८). *हाम्रो समाजः एक अध्ययन.* साझा प्रकाशन ।

शर्मा, सुकुम (२०७८). *समकालीन नेपाली कवितामा युगचेतना.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, शिवकुमार (२०५२). *लिम्बूवानको ऐतिहासिक अध्ययन.* किरात प्रकाशन तथा अभिलेख केन्द्र ।

संग्रौला, नारायणप्रसाद (२०६७). *पल्लो किरातको किपट व्यवस्था.* श्रीमती अम्बिकादेवी संग्रौला ।

सिंह, बच्चन (सन् २००७). *साहित्य का समाजशास्त्र.* लोकभारती प्रकाशन ।

सुब्बा, क्षितिज (२०६७). *लिम्बूवान ६ थरका आदिवासी लिम्बूहरू.* आरती नेम्बाङ र अन्य ।

सुन्दर, मल्ल के. (सन् २०१३). *नेपाली राजनीतिः पहिचानको मुद्दा.* थकूछैँ पिथना ।

स्मृति, स्वप्निल (२०७३). *बाडुली र सुदूर सम्झना.* फिनिक्स बुक्स ।